केपिलासगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाक्सिला, खोटाङ

पत्र संख्या : ०७८।७९
चलानी नं. : ४२४

१ नं. प्रदेश नेपाल
मिति : २०७८।०८।१९

## विषय : प्रस्तावना आह्वान सम्बन्धमा ।

प्रस्तुत विषयमा यस केपिलासगढी गाउँपालिकामा सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत यस आ.व. ०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक तथा आर्थिक सशक्तिकरणका लागि महिला समूहका सदस्यहरुमा व्यवसायिक उद्यमशिलता प्रवर्द्धन गर्ने, स्थानीय स्तरमा पोषणयुक्त खाद्य वस्तुको उत्पादन उपभोग र बजारीकरणमा सहजीकरण गर्ने, बहुक्षेत्रीय पोषण योजना अनुरुप विपन्न अवस्थाका शिशुहरुलाई पोषण सचेतना र अवस्थामा सुधार ल्याउने समेतको उदेश्य प्राप्त गर्न महिला समूह/महिला सहकारीलाई विनियोजित बजेट रु ६,२५,०००। (अक्षेरुपी रु छ लाख पच्चिस हजार रुपैया) को कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुदा ईच्छुक महिला समूह/महिला सहकारीहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा तपशिल अनुसार तोकिएको ढाचाँमा प्रस्तावना पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावना पेश गर्ने महिला समूह/महिला सहकारीहरुले पालना गर्नुपर्ने न्यूनतम शर्तहरु निम्नानुसार रहेको छ

१. महिला समूह/महिला सहकारी २५ सदस्यीय हुनुपर्नेछ, सो भन्दा बढी सदस्यीय भएमा समूह भित्रका विपन्न २५ जना सदस्यले मात्र अनुदान प्राप्त गर्ने ।
२. महिला समूह/ महिला सहकारीमा विपन्न समुदायको सुनौलो हजार दिन भित्रका महिलाहरु समेत सदस्य हुनुपर्नेछ ।
३. महिला समूहको हकमा स्थानीय तह वा वडा कार्यालयमा सूचीकृत भएको हनुपर्नेछ , प्रस्तावना पेश गर्दा सो को प्रमाण कागज पेश गर्नुपर्नेछ ।
४. महिला सहकारीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई केपिलासगढी गाउँपालिका कार्यक्षेत्र भएको हुनुपर्नेछ ।

जानकारीका लागि सम्पर्क व्यक्तिहरु

१. छविलाल राई प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क नं. ९८५२८४९५६१
२. सुस्मिता राई
सम्पर्क नं. ९८४२९३२७७६
३. मिलन राई पोषण स्वयमसेवक
सम्पर्क नं. ९८६०९६१७८९

.......................
छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

नोटः आवेदन फारम गाउँपालिकाको महिला तथा बालवालिका विकास शाखा कार्यालय वा गाउँपालिकाको वेब-साईट मा उपलब्ध हुनेछ ।